कुरआन पढ्ने व्यक्तिलाई भनिनेछ: पढ्दै गर र माथि श्रेणीमा आरोहण गर्दै गर । तिमीले संसारमा जसरी तिलावत (वाचन) गर्थ्यौ, त्यस्तै पढ्दै गर, किनकि तिम्रो स्थान तिमी अन्तिम आयत(श्लोक) पढ्दै जहाँ पुग्छौ, त्यहीँ हुनेछ।

अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नु भयो : "कुरआन पढ्ने व्यक्तिलाई भनिनेछ: पढ्दै गर र माथि
श्रेणीमा आरोहण गर्दै गर । तिमीले संसारमा जसरी तिलावत (वाचन) गर्थ्यौ, त्यस्तै
पढ्दै गर, किनकि तिम्रो स्थान तिमी अन्तिम आयत(श्लोक) पढ्दै जहाँ पुग्छौ, त्यहीँ हुनेछ।"
[हसन] [अबू दाउद, तिर्मीजी र निसाईले कुब्रामा र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, सधैं कुरआन पढ्ने, त्यसलाई कण्ठ पार्ने र त्यही अनुसार कर्म गर्ने व्यक्तिलाई, स्वर्गमा प्रवेश गरिसकेपछि भनिनेछ : कुरआन पढ्दै गर र माथि श्रेणीमा आरोहण गर्दै गर। तिमीले जसरी संसारमा सम्झेर मनन गर्दै विस्तारै तिलावत गर्थ्यौ, त्यसैगरी पढ्दै गर; तिम्रो स्थान तिमी अन्तिम आयत(श्लोक) पढ्दै जहाँ पुग्छौ, त्यहीँ हुनेछ।

http://www.sunnah.global/hadeeth/ne/show/65054